# कपिलबस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु

लुम्विनी प्रदेश, नेपाल

पत्र संख्या : ०७७/०७८ (योजना) मिति :२०७७/०८/२४

चलानी नं. : ५९९

विषय- उपभोक्ता समिति गठन सम्वन्धमा ।

श्री सवै वडा कार्यालय (१ देखि १२)
कपिलवस्तु नगरपालिका ।

प्रस्तुत विषयमा सातौं नगरसभाको निर्णय अनुसार सवै योजना तथा कार्यक्रमहरु कात्तिक मसान्त भित्र सम्झौता गरिसक्नु पर्ने भएको हुंदा यस नगरपालिकाको आ.व.०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रमहरु मध्ये वडास्तरमा संचालन हुने योजना तथा कार्यक्रमहरुको उपभोक्ता समिति मार्फत् कार्यान्वयन गरिने योजना तथा कार्यक्रमको उपभोक्ता समिति गठन गर्दा कम्तिमा ७ (सात) दिनको म्याद राखी सार्वजनिक सूचना जारी गरी उपभोक्ता समिति गठन गर्नु/गराउनु हुन उक्त सूचना वडा कार्यालयको सूचना पाटी/सार्वजनिक स्थान,योजना तथा कार्यक्रम संग सम्वन्धित स्थानहरुमा टांस गरी सो को जानकारी यस कार्यालयमा समेत अनिवार्यरुपमा पठाउनु हुन र सार्वजनिक सूचना जारी नगरी गठन गरिएका उपभोक्ता समितिलाई मान्यता प्राप्त नहुने व्यहोरा जानकारी गराईन्छ । साथै चालु आ.व.को हकमा २०७७ पौष मसान्त भित्र उपभोक्ता समिति गठन गरिसक्नु पर्ने भनी कार्यपालिकावाट म्याद थप समेतको निर्णय भएको हुनाले तोकिएको मिति भित्र अनिवार्यरुपमा उपभोक्ता समिति गठन गरी सम्झौताको लागि यस कार्यालयमा पठाइदिनु हुन समेत अनुरोध छ ।

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ: श्री सूचना प्रविधि शाखा । (वडा कार्यालयलाई email गरिदिनु हुन) ।

फोन नं. ०७६-५६०३०५, ०७६-५६०२०१ फ्याक्स नं. ०७६-५६००१९
Email: info@kapilvastumun.gov.np , kapilvastumun.gov@gmail.com, website:http://kapilvastumun.gov.np/